नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(मापदण्ड तथा प्रत्यायन निर्देशनालय)

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- ०८२।८३
चलानी नं. :- ३६

मिति :२०८२/०४/१५

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

विषयः जानकारी सम्वन्धमा ।

श्री सबै विश्वविद्यालय, प्रतिष्ठानहरू ।

प्रस्तुत विषयमा चिकित्सा शिक्षा तर्फ उच्च शिक्षा अध्यापनका लागि नियुक्ति हुने शिक्षक (फ्याकल्टी) को न्यूनतम योग्यता र अनुभवका सम्बन्धमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा (२) को खण्ड (त) र दफा (२१) को उपदफा (१) मा देहाय बमोजिमको प्रावधान रहेको हुँदा सोही अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

देहायः

(क) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २ को खण्ड (त): " शिक्षक (फ्याकल्टी)) भन्नाले उच्च शिक्षाको अध्यापनका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर गरी चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थामा अध्यापन, सेवा तथा अनुसन्धान गर्ने, गराउने प्राध्यापक, सहप्राध्यापक र उपप्राध्यापक सम्झनु पर्छ ।"

(ख) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २१ को उपदफा (१): "प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालय, प्रतिष्ठान तथा अन्य शिक्षण संस्थाले आयोगले तोके बमोजिमको न्यूनतम योग्यता र अनुभव भएका प्राध्यापक, सहप्राध्यापक तथा उपप्राध्यापकको व्यवस्था गर्नुपर्नेछ। तर उच्च शिक्षा अध्यापनका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।"

रुद्र प्रसाद रेग्मी
(उपसचिव)

फोनः ०१-६६३९४१३, ६६३९४१४, ६६३९४१५, ६६३९४१६, ६६३८९०२, ६६३८९०३ | इमेलः info@mec.gov.np | वेबसाइटः www.mec.gov.np